'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १४२ शुक्रबार ०४ माघ, २०८१ 17 (Friday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### भेरी करिडोर सडक स्तरोन्नति

## अर्थ मन्त्रालयद्धारा रु चार अर्ब बीस करोड बजेट सुनिश्चित

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/०३

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आग्रहमा अर्थ मन्त्रालयले कर्णाली प्रदेशको महत्वपूर्ण आयोजनाका रूपमा रहेको भेरी करिडोर सडक खण्डको स्तरोन्नति गर्न अर्थ मन्त्रालयले हालै रु. ४ अर्ब २० करोड बजेट सुनिश्चित गरेको छ । नलगाड नगरपालिका-१२ तल्लुदेखि डोल्पाको त्रिपुराकोटसम्म स्तरोन्नति गर्न मन्त्रालयले सो बजेट सुनिश्चित गरेको हो । हालै मात्र अर्थ मन्त्रालयले बजेट सुनिश्चित गरेको प्रतिनिधिसभा सदस्य तथा पूर्वसहरी विकास मन्त्री धन बहादुर बुढाले जानकारी दिए । लामो समयदेखि बजेट अभावले रोकिएको करिडोर निर्माणले अब गति लिने बुढाको भनाइ छ । भेरी करिडोरको लम्बाई २१७ किलोमिटर हुने छ । त्यस मध्ये जाजरकोट देखि डोल्पा सदरमुकाम दुनैसम्म ११८ किलोमिटर रहेको छ भने जाजरकोटबाट तल्लुसम्मको ६२ किलोमिटर खण्डमा हाल स्तरोन्नतिको काम भइरहेको छ । अब तल्लुबाट दुनैसम्मको बाँकी ५६ किलोमिटर सडकमध्ये तल्लु-त्रिपुराकोटसम्मको ४२ किलोमिटर सडक स्तरोन्नति



गरिने भएको हो । बजेट सुनिश्चित नभएकाले अन्यौलमा रहेको सो करिडोरको स्तरउन्नतीको काम अलपत्र हुने स्थानीयको आशंका गरिरहेको अवस्थामा बजेट सुनिश्चित भएसँगै स्थानीयहरुमा आशा जाकेको छ । बजेट सुनिश्चित भएसँगै नेपाली सेनाले ट्रायाक खोलेको उक्त खण्डमा अब नयाँ ठेक्का आह्वान गरी स्तरोन्नति गरिने भेरी करिडोर आयोजना प्रमुख सुनिल रञ्जितकारले जानकारी गराएका छन् । पूर्वमन्त्री बुढाका अनुसार हाल बेलिब्रिज भएको स्थानमा पक्की पुल निर्माण गर्ने आयोजनाको लक्ष्य रहेकाले सोही अनुसार केही दिनमा पुल निर्माणका लागि समेत बजेट सुनिश्चित गर्ने तयारी समेत भइरहेको छ । त्रिदेशीय सडकको रूपमा विकास गर्ने लक्ष्य लिइएको भेरी करिडोरको दुनै-लासिक्याप खण्डको काम निर्माण व्यवसायीले ढिलाइ गर्दा लक्ष्य अनुसार उपलब्धि नहुने सम्भावना बढेको छ । ठेक्काको म्याद सकिन एक वर्ष बाँकी हुँदा पनि १५ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । उक्त सडक खण्ड निर्माण गर्न सूर्य-श्रेया-शान्तिदेवी जेभी काठमाडौंले रु. १३ करोड ४२ लाखमा ठेक्का लिएको थियो । लासिक्यापबाट मरिमसम्मको सडक नेपाली सेनाले निर्माण गर्ने तयारीका साथ सेनाले रक्षा मन्त्रालयबाट भौतिक मन्त्रालयमा अनुमतिका लागि पत्र पठाइसकेको छ । कर्णेल विश्वबन्धु पहाडीको नेतृत्वमा रहेको नेपाली सेनाले भेरी करिडोर अन्तर्गत जाजरकोट सदरमुकाम देखि डोल्पाको सदरमुकाम दुनैसम्म सडक ट्र्याक खोल्ने काम २०६५ सालमा सुरु गरेको थियो । दुनैबाट चीनको सिमानासम्म रहेको मरिम नाकासम्मको कूल एक सय किलोमिटरमध्ये नेपालतर्फ ४० किलोमिटर सडक निर्माण भइसकेको छ । दुनैबाट धोसम्म सडक बन्न बाँकी छ । भेरी करिडोरको जाजरकोट-डोल्पा सडक खण्डको पुल निर्माणको ठेक्का क्याराभान हिराचन जेभीले लिए पनि काम सुरु गरेको छैन । जेभीले २०७७ माघ २ गते जाजरकोटको नलगाड खोला, भुम्रेखोलामा पुल निर्माणको ठेक्का लिएको थियो । सोही कम्पनीले २०७७ माघ २ मै मैदेखोला, त्रात्र खोला, ताक्सुगाडमा पुल निर्माणको ठेक्का लिएको थियो । ठेक्का लिने, तर काम नगर्नाले भेरी करिडोरमा पक्की पुल निर्माण हुनसकेका छैनन् ।

## खाद्यद्धारा बाँकेमा यो वर्ष ३२ हजार क्विन्टल धान खरिद

■ नमस्ते समचारदाता

बाँके, माघ/०३

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जले यो वर्ष हाल सम्म ३२ हजार क्विन्टल भन्दा बढी धान खरिद गरेको छ । खाद्यले दुई महिनाको अवधिमा किसानसँग उक्त मात्राको धान खरिद गरेको हो । गत कात्तिक २० गतेबाट किसानका धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले पुस १९ गतेसम्म दुई महिनाको समय अवधिमा ३२ हजार २६ दशमलब ०८ क्विन्टल धान खरिद गरिसकेको जनाएको हो । अब यस वर्ष बाँकेमा धान खरिद गर्ने कार्य लगभग अन्त भएको कार्यालयले जनाएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले भने, 'यस वर्ष हामीले गत कात्तिक २० गतेदेखि किसानसँग धान खरिद कार्य सुरु गरेका थियौं, पुस १९ गतेसम्म आउँदा दुई महिनाको अवधिमा ३२ हजार २६ दशमलब ०८ क्विन्टल धान खरिद गरिसकेका छौं । पुस १९ गतेपछि किसानहरु आउन छोड्नुभएको छ, धेरै किसानहरुले धान बिक्री गरिसक्नुभयो, अब यस वर्षको धान खरिद लगभग यति नै होला ।' 'हामीले लक्ष्य लिए अनुसार मोटा धानको कोटा पूरा गर्न सकेनौं, मध्यम धानको भने कोटा लगभग पूरा भयो, हामीले माग गरे अनुसार र सोचे



अनुसार मोटा धान आएन तर मध्यम धान भने माग अनुसार आयो र हामीले खरिद गर्यौं ।' मुख्य शाखा प्रमुख लामिछानेले भने । '२५ हजार क्विन्टल खरिद गर्ने लक्ष्य रहेको मध्यम धान हालसम्म लगभग खरिद गरिसकेका छौं, यस वर्षका लागि मध्यम धान खरिद लक्ष्य पुरा भएको छ । मोटा धानको खरिद भने लक्ष्य अनुसार पुग्न सकिएन, किसानले बजारका व्यापारीलाई नै मोटा धान बिक्री गरे, चिउरा उत्पादन प्रयोजनका लागि बजारका व्यापारीले हाम्रो भन्दा केही बढी मूल्य दिएर किसानसँग मोटा धान खरिद गरेको हुँदा पनि हामीसम्म माग अनुसारको मोटा धान आइपुगेन ।' लामिछानेले थपे । गत वर्षभन्दा १५ दिन अगावैबाट धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले यस वर्ष ४० हजार क्विन्टल खरिद गर्ने लक्ष्य लिएको थियो तर मध्यम धान बिक्री गर्ने किसानको चाप बढेपछि खाद्यले केन्द्रीय कार्यालयसँगको सहमतीमा थप १५ हजार क्विन्टल मध्यम धान खरिद गर्नेगरी ५५ हजार क्विन्टलको लक्ष्य लिएको थियो । ३० हजार क्विन्टल मोटा धान र २५ हजार क्विन्टल मध्यम गरी ५५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको खाद्यले यस वर्ष ७६५३.४४ क्विन्टल मोटा र २४३७२.६४ क्विन्टल मध्यम गरी जम्मा ३२०२६.०८ क्विन्टल धान खरिद गरेको कार्यालयका सूचना अधिकारी वरिष्ठ सहायक शिवराज घिमिरेले जानकारी गराए । घिमिरेका अनुसार यस वर्ष मोटा धान दुई करोड ६१ लाख दुई हजार १३३ रुपियाँ ६५ पैसा र मध्यम धान आठ करोड ७२ लाख ६९ हजार, १६२ रुपियाँ २३ पैसा गरी कुल ११ करोड ३३ हजार ७१ लाख २९५ रुपियाँ ८८ पैसाको धान खरिद गरिएको हो । धान बिक्रीका लागि जिल्लाका ६७३ जना किसानले स्थानीय तहको सिफारिस दर्ता गराएपनि ५६८ जना किसान र पाँच वटा सहकारी संस्थामार्फत् बिक्री गर्न ल्याइएको धान खरिद गरिएको कार्यालयले जनाएको छ ।

## क्षतिपुर्तिमा सहमति नहुँदा बाँकेको हुलाकी राजमार्ग अवरुद्ध

■ नमस्ते समचारदाता

बाँके, माघ/०३

बिहीबार नेपालगञ्ज-नरैनापुर-बैजापुर जोड्ने हुलाकी राजमार्ग अन्तरगत कुण्डा चोकमा मृतकका परिवार तथा स्थानीय बासिन्दाले सडक अवरुद्ध गरेका छन् । सडक दुर्घटनामा ज्यान गुमाएका व्यक्तीका परिवारलाई क्षतिपुर्ति दिने विषयमा सहमति नहुँदा स्थानीयहरुद्धारा बिहीबार हुलाकी राजमार्ग अवरुद्ध गरिएको हो । जिल्ला प्रहरी कार्यालय बाँकेका निमित्त सूचना अधिकारी, प्रहरी निरीक्षक हिमराज बिकले हुलाकी राजमार्गमा मृतकका परिवार र स्थानीय बासिन्दाहरु आएर बिहीबार बिहान साढे १० बजेदेखि अबरुद्ध गरेको जानकारी दिए । बिकले भने,



'स्थानीयहरुको मागका विषयमा बार्ता पनि चलिरहेको छ, माग पूरा नहुँदासम्म सडक अवरुद्ध गर्छौं भनेर उहाँहरु अहिले पनि आन्दोलनमै हुनुहुन्छ ।' राप्ती सोनारी गाउँपालिका वडा नम्बर ७ फत्तेपुर सर्रामा मंगलबार बेलुका साढे ६ बजेतिर नरैनापुरबाट नेपालगन्ज आउँदै गरेको भे १ ख ३७७४ नम्बरको बसले विपरीत दिशातिर गइरहेको भे ६ प ८८३६ नम्बरको मोटरसाइकल ठक्कर दिएको थियो । ठक्करबाट घाइते भएका मोटरसाइकल चालक राप्ती सोनारी-७ फत्तेपुर, सर्रा निवासी २७ वर्षीय दिल बहादुर थारु र मोटरसाइकलमा सवार सोही ठाउँ निवासी २३ बर्षीय राजेश थारुको मृत्यु भएको थियो । स्थानीय बासिन्दाले सडकमा टायर बालेर नाराबाजी गरेका छन् । स्थानीय बासिन्दाको आन्दोलनका कारण हुलाकी राजमार्ग भएर चल्ने सवारी साधन ठप्प भएका छन् । क्षतिपुर्तिमा कुरा नमिल्दा परिवारले शव बुझेका छैनन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्बारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## राजा फाल्नेहरु नै अहिले राजा बन्न खोज्दैछन्

इतिहासमा बलिदानीपूर्ण आन्दोलन गरेर राजा फाल्नेहरु, राजाको शासनमा वर्षौ जेलबस्नेहरु, राजाद्वारा प्रताडितहरु भै पटक पटक राष्ट्रपति र उपराष्ट्रपति भएकाहरुलाई नै पुन पार्टीका राजा बनाउन उद्यत भएको देख्दा अचम्मै लागेर आउँछ । राजनीति प्रति नै घृणाभाव जागृत हुन पो थाल्यो त। अझ धेरै बुद्धिजीवीहरु, दलको आशा भरोसा र भविष्य भनेका युवाहरु नै सम्माननीय भैसकेकाहरुलाई पुन दलमा फर्काएर आफ्नै नेता बनाउन कन्दनी कसेर लागेको देख्दा कामकुरो एकातिर कुम्लोबोकी ठिमीतिर जस्तो पो अनुभूती भैरहेको छ। सम्माननीय बनेर कार्यकाल पूरा गरेकाहरुलाई पुन सक्रिय राजनीतिमा फर्काउने प्रपन्चलाई कुनै पनि तर्कले सत्य र सामयिक सावित गर्न सक्दैन। यो पश्चगामी सोच नै हो। उनीहरु फेरि राजनीतिमा आएर कुन पदमा पुगेर गर्ने के हुन र अब? २०४६ सालदेखि सत्ता र त्यसैको न्यानो तापेर बसिरहेकाहरु त्यसैलाई निरन्तरता दिन प्रतिपक्षलाई पनि कब्जा गरिरहेछन् । प्राणले शरीर छोडिसक्दा पनि पद नछाड्नेहरु सबै दलमा उत्तीकै छन्। तिनलाई पाता फर्काउने सामर्थ्य कसैमा देखिदैन। सबै दलमा दासहरुको भीड जस्तो मात्र देखिन्छन्। राणा शाह र पंच लखेट्न एकिकृत भएका भनेको त यिनीहरु उल्टै मठाधीश महाराज र तानाशाहहरु बनाउन हिंडेजस्तो छ। यो हदको विचारसून्य व्यक्ति केन्द्रित दास मनोवृत्ति अहिलेको समाजको भ्रष्टीकरणको दुखद अवस्था हो । नेपालमा संविधान छ । यसमा विवाद छैन । तर निर्वाचन आयोगमा दर्ता भएका पार्टीहरु नै संविधान अनुसार संचालित छैनन् । न बेलामा अधिवेशन हुन्छन् । न त विषयगत छलफल वा निर्वाचन नै। करबलले डाकिएका सभा–सम्मेलनहरु हतारहतार सकिन्छन्। नेतृत्व परिवर्तन पनि हुँदैन। ठूला पार्टीहरु नै नीति उद्धेश्य र कार्यक्रम विहिन झैं देखिएका छन् । हाम्रो पार्टीको आर्थिक, राजनीतिक, सामाजिक, विकास नीति यस्तो छ। हाम्रो विदेशनीति यो हो भन्न सक्ने अवस्थामा कोही छैनन्। भए पो भन्न सक्थे ? नीति योजना कार्यक्रम नभएपछि यस्तो पो भनेको सुनियो–हाम्रो पार्टीले चुनाव जितेपछि अध्यक्ष प्रधानमन्त्री बन्नुहुन्छ ! अनि प्रधानमन्त्री बनेपछि के हुन्छ ? नक्कचरो जवाफ आउछ, देश विकास हुन्छ ?

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# अर्थतन्त्रको मूल आधार कृषि

**वामदेव क्षेत्री (घिमिरे)**



प्राकृतिक स्रोत हावापानी उत्पादनको सम्भावना भएको हाम्रो देशमा सहकारीका विभिन्न एकाइ गठन गरी उत्पादन, प्रशोधन, प्याकेजिङ, बजारीकरण गर्ने हो भने अर्थतन्त्रमा ठुलो योगदान हुने र समाज समाजवादउन्मुख हुने सम्भावना बढी छ।



वामदेव क्षेत्री (घिमिरे)

नेपालको अर्थतन्त्र मिश्रित अर्थतन्त्र हो, कृषि पेसामा अहिले पनि नेपालमा ६५ प्रतिशत कृषक औपचारिक रूपमा यो पेसामा छन् तर कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २७ प्रतिशत मात्र देखिन्छ । त्यो पनि पछिल्लो केही वर्षदेखि सञ्चालनमा आएका कृषि फर्म, तरकारी खेती, पशुपालन र किसानहरूको योगदानको प्रतिफल हो । परम्परागत कृषिलाई छुट्याएर हेर्ने हो भने २० प्रतिशतको हाराहारीमा छ । अहिले कृषि अर्थात् खाद्यान्न वस्तुसहित उपभोगका लागि ८३ प्रतिशत आयात हुन थालेको छ भने देशको आफ्नै उत्पादनको १७ प्रतिशत उपभोक्तालाई मात्र धान्न सक्ने अवस्थामा आइपुग्दा कृषिबाट अर्थतन्त्रमा खासै योगदान रहेको पाइँदैन तर नेपालको विगतको इतिहासलाई हेर्ने हो भने नेपालको अर्थतन्त्रमा कृषिको भूमिका महत्वपूर्ण थियो। अहिले पनि धेरै सम्भावना छन्, त्यो भूमिका घटेको छैन बरु बढेर गएको छ तर हामीले कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गरी उद्योगमा ढाल्न सकिरहेका छैनौं । हामीले कृषि प्रणालीलाई साना किसान भूस्वामी र साना सहकारीको उत्पादनलाई घनिष्ट समायोजन गरे पनि आत्मनिर्भर प्राकृतिक अर्थतन्त्र बन्न सक्छ। नेपालको अर्थतन्त्रलाई अहिले तीनखम्बे अर्थनीति अर्थात् सरकार, निजी क्षेत्र र सहकारी भनिन्छ। किनकि औद्योगिक सभ्यताको अनिच्छुक परिणाम सहकारी हो भन्न सकिन्छ । पुँजीवादी अर्थव्यवस्थाको असफलता र त्यसले सिर्जना गरेको मानवीय कष्टका कारण सहकारीको विकास भएको हो। सहकारीलाई उन्नत समाजको उत्कृष्ट सामूहिक व्यवसायको रूपमा लिने हुँदा सरकारले यसलाई नेपालको अर्थतन्त्रको अभिन्न अङ्ग मानेको हो । यसलाई पूँजीवादको सङ्क्रमण र समाजवाद उन्मुख व्यवसायको रूपमा पनि व्याख्या गरिन्छ तर सहकारीलाई उत्पादनको दृष्टिले अर्थतन्त्रमा टेवा पुग्ने हिसाबले कृषिसँग सम्बन्ध र चरित्रसित मेल खान्छ। यसको क्षेत्र पनि कृषि नै हो। सहकारी व्यवसाय लगानीकर्ताको स्वामित्व हुने बजार अर्थव्यवस्थाभित्रको निजी व्यवसायभन्दा फरक प्रकृतिको व्यवसाय भएकाले यसलाई नेपालको अर्थव्यवस्थाको तेस्रो क्षेत्रको रूपमा परिभाषित गरिएको हो र भविष्यमा यसको माध्यमबाट समाजवादको निर्माण हुन सक्ने छ । चीनमा १० लाख सहकारी कृषि र उद्योगसित जोडिएकाले त्यहाँको अर्थव्यवस्थामा कृषिको सबभन्दा ठुलो योगदान रहेको छ । हामीले निजी क्षेत्रभन्दा यसलाई सामाजिक व्यवसाय हो भनेर बुझेका छौँ । सहकारी व्यवसायलाई पनि राज्यले नीति व्यवसायको रूपमा परिभाषित गरेको छ। अहिले विश्वको जनसंख्या सात अर्ब नाघेको छ । विश्वको जनसंख्याको आकार नौ अर्बसम्म पुगेर मात्र स्थिर रहने जनसंख्याविद्को भनाइ छ। यस्तो अवस्थामा उपलब्ध स्रोतहरूको समुचित उपयोग र हामीले खाने कुराहरूको आदतमा समेत परिवर्तनको आवश्यकता देखा पर्दै गएको छ। एसियाली मुलुकमा ६० प्रतिशतभन्दा बढी जनता अहिले पनि कृषि पेसामा आश्रित छन् । कृषि प्रणालीमा आधुनिक पद्धतिको प्रयोग न्यून भइरहेको छ । हाम्रो देशमा कृषि उत्पादनमा वृद्धि ल्याउन नसक्दा आयात गर्नुपर्ने भएको छ । कृषकको जीवन स्तरमा कृषि पेसाबाट जीवन धान्न कठिन भएकाले मानिसहरू कृषि पेसालाई छाडेर पलायन हुँदै छन्। युवा शक्ति पूरै गाउँका गाउँ खाली हुँदै छ । यस्तो अवस्थामा सरकारले अर्थनीतिमा तेस्रो खम्बाको रूपमा मानिसको सहकारीलाई जोडेर त्यसको माध्यमबाट कृषकको सङ्गठित रूपमा उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण तथा कृषि सामग्री आपूर्तिसम्मको क्रियाकलाप आफैँ सहभागी हुने वातावरणको निर्माण गरी समग्र कृषि पेसालाई आकर्षित बनाउने हो भने हामी खाद्यान्नमा आत्मनिर्भर पनि हुने र नेपालको अर्थतन्त्रमा यसको ठुलो योगदान रहन सक्छ। सहकारीको अभ्यास विशेष गरेर कृषि क्षेत्रमा बढी उपयोगी सिद्ध भएको छ। कृषि क्षेत्रमा दुई खाले सहकारीलाई बढी महत्व दिइएको छ । पहिलो सेवा सहकारी जसलाई उपभोक्ता सहकारी पनि भनिन्छ र दोस्रो उत्पादन सहकारी । सेवा सहकारीको भूमिका आपूर्ति र बजारीकरण गर्ने किसानलाई चाहिने बिउबिजन, मलखादलगायतका कृषि उपकरण आपूर्ति गर्ने काम गर्छ। पहिलो प्राथमिकतामा सेवा सहकारी नेपालका लागि आवश्यक हो र त्यसले क्रमशः उत्पादन सहकारीलाई जोड्दै देशलाई आर्थिक वृद्धि मात्र होइन बजारीकरण र कृषिको उद्योगीकरण बनाउँदै जाने छ । तब मात्र नेपाल सहकारीबाट नमुनाकृत हुन सक्ने छ, हामीले यसको अभ्यास गरेका छैनौं । कृषि सहकारी अन्तर्राष्ट्रिय सङ्गठनको रिपोर्ट अनुसार विश्वमा ५६९ हजार कृषि सहकारी सक्रिय रूपमा रहेका छन् । यसमा ४१ करोड किसान सदस्य रहेका छन् । कृषि सहकारीको संख्या र सदस्यतामा एसियाको स्थान भारत र चीनले ८३ प्रतिशत ओगटेको छ । यद्यपि कृषि सहकारीको कुल वार्षिक कारोबारमा युरोप ४२ प्रतिशत अर्थात् छ सय अर्ब अमेरिकी डलर रहेको पाइन्छ। यूरोपमा ४४ हजार २६० कृषि सहकारीमा एक करोड ४० लाख किसान त्यसका सदस्य रहेका छन् भने यी संस्थाले प्रत्यक्ष सात लाख २० हजारलाई रोजगारी दिएको छ । भारतमा एक लाख ५० हजार कृषि सहकारीमा १६ करोड जनता आबद्ध छन्। फ्रान्समा कृषि सहकारीले ६० प्रतिशत कृषि सामग्रीको आपूर्ति, ५७ प्रतिशत कृषि उत्पादन र ३५ प्रतिशत खाद्यान्न प्रशोधन गर्न सक्रिय छन् । यस्ता थुप्रै उदाहरण छन् तर हाम्रो देशमा २० हजारको हाराहारीमा सहकारी दर्ता छन् । कृषिप्रति केही सीमित दुग्ध सहकारी, तरकारी उत्पादन सहकारी, तरकारी बिउ उत्पादन सहकारी, चिया उत्पादन सहकारीको अलावा अन्य सहकारीको योगदान नगन्य रहेको छ । प्राकृतिक स्रोत हावापानी उत्पादनको सम्भावना भएको हाम्रो देशमा सहकारीका विभिन्न एकाइ गठन गरी उत्पादन, प्रशोधन, प्याकेजिङ, बजारीकरण गर्ने हो भने अर्थतन्त्रमा ठुलो योगदान हुने र समाज समाजवादउन्मुख हुने सम्भावना बढी छ । सहकारीलाई अर्थव्यवस्थाको तेस्रो क्षेत्र किन परिभाषित गरियो भन्ने जान्न आवश्यक छ । सहकारीका विविध प्रकृतिका रूप भए पनि हामीले बुझ्ने भनेको पुँजीवाद र समाजवादबिचको सङ्क्रमणकालीन श्रम सम्बन्ध वा उत्पादन सम्बन्ध हो । अहिले नेपाल सामन्तवादको प्रतिनिधि पत्र राजतन्त्रको अन्त्य गरेका छौँ र पुँजीवादको विकासको चरणमा छौँ अर्थात् पूँजीवादबाट फड्को मार्ने समाजवादको सङ्क्रमणकालीन अवस्थामा छौँ। हामीले हाम्रो देशलाई समाजवादमा प्रवेश गराउनु छ। यसको माध्यम सहकारी पनि हो । यो निजी क्षेत्रभन्दा भिन्न प्रकृतिको व्यक्तिगत नाफाभन्दा सामूहिक नाफामा अगाडि छ। जनताको सामूहिक सहभागिताबाट नाफाका लागि नभई स्वउपयोग र उपभोगका लागि संरचना निर्माण गर्ने, राज्यलाई व्यवहारमा सहयोग पुऱ्याउने, स्वतन्त्रतामा आँच नआउने गरी सहयोग र सहजीकरणका क्रियाकलापमार्फत सहकारीको विकास, विस्तार र प्रवर्धन गर्ने अवधारणा, प्रजातन्त्रको अभ्यास, देशको आर्थिक तथा सामाजिक विकास, विस्तार र प्रवर्धन, वातावरण संरक्षण, ग्रामीण तहमा समेत दिगो र उत्पादक रोजगारीको सिर्जना, सामाजिक एकीकरण जस्ता विषयमा योगदान पुऱ्याउने हुँदा निजी क्षेत्र र सार्वजनिक क्षेत्रको भन्दा फरक हुने भएकाले सहकारीको माध्यमबाट देशको अर्थतन्त्र मजबुद बनाउन सकिने र समाजवादउन्मुख समाज बनाउन सकिने हुनाले आर्थिक व्यवस्थाको तेस्रो खम्बाको रूपमा परिभाषित गरिएको हो। सहकारी अर्थतन्त्रको उपयुक्त ढङ्गले प्रवर्धन गर्दै लगियो भने राज्यको बजेटमा समेत सामाजिक विकासमा गरिने खर्चको बोझ कम हुँदै जानुको साथै गरिने खर्चको पनि सार्थक उपयोग हुने अवस्थाको सिर्जना हुन सक्छ । सरकारले स्वयम् लगानी गर्नुपर्ने स्वास्थ्य, शिक्षा र सुरक्षाका क्षेत्रमा समुदायको लगानी आकर्षित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने माध्यम सहकारीलाई बनाउन सकिन्छ। राज्यले यस्तो विशिष्ट प्रकृतिका व्यवसायीका विधि राज्य स्वयम्ले प्रवर्धन गर्नका लागि उपयुक्त नीति र कार्यक्रम बनाउने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। विशेषतः सहकारीको माध्यमबाट पूर्ण प्रजातन्त्रको अभ्यासलाई आधारशिला बनाउने, आर्थिक व्यवस्थालाई सुदृढ गर्ने, रोजगारी सिर्जना गर्ने, वर्ग सङ्घर्षबिनाको शोषणरहित सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको सिर्जना गर्न सकिन्छ। त्यसैले आफ्नो देशको अर्थव्यवस्थालाई बदल्न र समाजलाई चेतनशील बनाउन बहुसांख्यिक मुलुकले यो विधि अवलम्बन गरे पनि हामीले त देशको अर्थतन्त्र आत्मनिर्भर बनाउनु छ र समाजलाई समाजवादी अर्थतन्त्रको जग बसाली समाजवाद निर्माण गर्न झन् महत्वपूर्ण बन्न आउँछ। संयुक्त राष्ट्रसङ्घले पनि सहकारीलाई देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने प्रभावकारी माध्यमको रूपमा धेरै अगाडिबाट स्वीकार गर्दै आएको छ । विशेषतः राष्ट्रसङ्घले उपभोक्ता सहकारी, खरिद बिक्री सहकारी, उत्पादन सहकारी, श्रमिक सहकारीको विकासलाई उच्च महत्व दिएको छ । संसारमा अहिलेसम्म ५४ लाख मानिसले सहकारीको माध्यमबाट रोजगारी पाएका छन् । नेपाल गरिबी निवारण, सामाजिक सद्भाव, आर्थिक विकास र रोजगारीका लागि यो उपयुक्त माध्यम हो। यसलाई व्यवस्थित रूपमा लागु गर्न सके हामी समाजवादउन्मुख हुने छौँ । सरकारले समाजवादउन्मुख संविधान बनाएकाले त्यसलाई ध्यानमा राखी कल्याणकारी आर्थिक विकास कोषको अवलम्बन गर्नुपर्ने देखिन्छ । देशको आर्थिक, सामाजिक क्षेत्रमा उत्पादन प्रणाली, बजार व्यवस्थापन, वित्तीय क्षेत्रमा गर्नुपर्ने बैङ्क लगानी सहुलियतपूर्ण वातावरणबाट सिर्जना गर्नुपर्ने छ । सहकारी बैङ्कको स्थिति नाजुक छ, सेयर बैङ्क गाउँ जादैनन्, विकास बैङ्क सहर र गाउँ छेउछाउँमा मात्र पुगेका छन् । वित्तीय संस्थाको चर्को ब्याजमा गाउँका किसान परेका छन् । सरकारले सहकारी बैङ्कको सञ्जाल ग्रामीण क्षेत्रमा पुऱ्याउनु पर्छ र कृषि र उद्यमशीलता गर्नेहरूलाई सरल तरिकाबाट ऋण उपलब्ध गराउने वातावरण बनाउनु पर्छ । सहकारी प्रणाली देशको आर्थिक वृद्धि गर्ने, साना बचत परिचालन, कृषि तथा साना उद्योग सञ्चालन र विकासका लागि नागरिकमा सहकारी अवधारणा विकास गराउँदै ग्रामीण अर्थतन्त्रलाई विकासको स्तम्भ बनाउनु पर्छ। ग्रामीण स्वावलम्बी कोष, गरिबी निवारण कोषहरूमा समन्वयतात्मक भूमिका बचत पूँजीको परिचालनसँगै दुर्गम तथा ग्रामीण क्षेत्रमा रोजगार एवं स्वरोजगार कार्यक्रमलाई प्राथमिकता दिन दलित, जनजाति, अल्पसांख्यिक समुदायलाई प्रोत्साहन गर्नु पर्छ। *–गोरखापत्र*

# सशस्त्र प्रहरीद्वारा निर्मित संरचनाको उद्घाटन

नमस्ते समचारदाता

बाँके, माघ/०३



बाँके जिल्लाको नरैनापुर गाउँपालिका-१ नेपाल बडर आउट पोष्ट कटकुईयाको पूर्वीसीमा क्षेत्र सुइया नाकामा सशस्त्र प्रहरीद्वारा निर्मित भौतिक संरचनाको आज उद्घाटन गरिएको छ । 'सीमा बासीसँग सशस्त्र प्रहरी' कार्यक्रमको अवधारणाअनुरुप सशस्त्र प्रहरी बल नं ३० गण हेडक्वाटर बागेश्वरी गण र गाउँपालिकाको संयुक्त सहकार्यमा नेपाल भारत आवतजावत गर्ने सर्वसाधरणका लागि पिउने पानीको धारा, सार्वजनिक शौचालय र चौतारोसहित भवनको उद्घाटन गरिएको हो । बागेश्वरी गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक बिमल डाँगीका अनुसार छिमेकी मुलुक भारतसँग सीमा जोडिएको नरैनापुर-१ सुइयामा सार्वजनिक शौचालय, शुद्ध खानेपानीका लागि ट्याङ्कीलगायत संरचना रु दुई लाखमा निर्माण गरिएको हो । साथै डुडुवा गाउँपालिका-१ खडैंचामा प्रतिक्षालय र खानेपानी ट्याङ्की निमार्ण गरिएको उहाँले बताउनुभयो । सशस्त्र प्रहरीले सीमा क्षेत्रलाई लक्षित गरेर 'सीमा क्षेत्र विकास योजना' सञ्चालन गरिरहेका जनाउँदै डाँगीले सोही योजनाअन्तर्गत नेपाल-भारत सिमानाका स्थानीयको आवश्यकताअनुसार सशस्त्र प्रहरीले धारा, प्रतिक्षालय र शौचालय निर्माण गर्दै आएको बताउनुभयो । "सीमा नाकामा बस्ने दुई देशका नागरिकलाई आवतजावत गर्दा शौच गर्ने वातावरण सहज होस् भन्ने उद्देश्ले हामीले सीमानाका भौतिक संरचना निमार्ण गरेका हौँ", उहाँले भन्नुभयो, "खानेपानी र शौचालयको व्यवस्थाले वातावरण सफा हुनुका साथै स्थानीयको स्वास्थ्यमा पनि सुधार हुँदै जानेछ ।" नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरीले पुऱ्याएको योगदान सराहनीय रहेको बताउनुभयो । "सीमाका बासिन्दाको खानेपानी, वातावरणीय सरसफाइ लगायत पक्षलाई समेटेर सशस्त्र प्रहरीले उदाहरणीय कामको सुरुआत गरेकामा धन्यवाद", उहाँले भन्नुभयो, "शान्ति सुरक्षासँगै वातावरण सरसफाइसँग जोडिएको शौचालयको विषयमा पनि सशस्त्र प्रहरी गम्भिर छन् । यस्ता भौतिक संरचनाले विशेषगरी महिला, बालबालिका र जेष्ठ नागरिकलाई प्रत्यक्ष सहयोग पुग्नेछ ।" नरैनापुर गाउँपालिकाका अध्यक्ष शैयद इस्तियाक अहमद शाहले सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीयसँगको सम्बन्ध अझ प्रगाढ र सुमधुर बनाएर काम गर्न सशस्त्र प्रहरीको यो कदम प्रशंसायोग्य रहेको बताउनुभयो । डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरीले सीमा क्षेत्रको सुरक्षामा सशस्त्र प्रहरीले निर्वाह गरिरहेको भूमिका अतुलनीय रहेको भन्दै प्रशंसा गर्नुभयो । उहाँले सशस्त्र प्रहरीसँग समन्वय गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । भारतीय सीमा सुरक्षा बल (एसएसबी)का श्रावस्ती ६२ बटालियन कमान्डेन्ट अमरेन्द्र कुमार बरुनले सीमा क्षेत्रमा सशस्त्र प्रहरीसँग नियमित बैठक र समन्वय हुने गरेको बताउँदै उहाँले बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालसँग नेपालबाट गाँजा, चरेश र मदिरालगायत सामग्री भारततर्फ हुने तस्करी नियन्त्रणमा समन्वय गरिदिन आग्रह गर्नुभयो । सीमा नाकामा शौचालय, खानेपानी र प्रतिक्षालय निर्माण गरेर दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको भन्दै भारतीय एसएसबी अमरेन्द्रले प्रशंसा गर्नुभयो । उहाँले दैनिक दुई सयदेखि चार सयसम्म नागरिक नेपाल-भारत आवतजावत गर्ने गरेकोले शौचालय निर्माणले यात्रुलाई सहज हुने विश्वास व्यक्त गर्नुभयो । बाँकेका प्रमुख जिल्ला अधिकारी रिजालले सीमा क्षेत्रमा सशस्त्र प्रहरी उभिएको देख्दा राष्ट्र त्यहाँ उभिएको अनुभूति हुने गरेको बताउनुभयो । उहाँले नेपाल-भारत सीमा क्षेत्रबाट हुने चोरी, तस्करी नियन्त्रणसँगै सीमा सुरक्षा, विपद् व्यवस्थापन लगायत क्षेत्रमा सशस्त्र प्रहरीले प्रभावकारी भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै नेपाल-भारत सिमानामा हुने तस्करी नियन्त्रण गर्न मातहतका निकायलाई निर्देशन दिनुभयो ।

# भूकम्प प्रभावितको आवास पुनर्निर्माण अछामबाट प्रारम्भ

नमस्ते समचारदाता

अछाम, माघ/०३



भूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुनर्निर्माणको प्रारम्भ अछाम जिल्लाबाट सुरुवात गरिएको छ । दुई वर्षअघि डोटी केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण क्षतिग्रस्त निजी आवासको पुनर्निर्माण गर्ने गरेर मंगलसेन नगरपालिका-५ की खन्टी कामीसँग सम्झौता गरिएको हो । कामीको घर निर्माणका लागि मंगलसेन नगरपालिका-५ को वडा कार्यालयमा वडा अध्यक्ष झंकरप्रसाद भाटसँग बिहीबार सम्झौता पत्रमा हस्ताक्षर भएको हो । भूकम्प पश्चात क्षतिको विस्तृत आँकलनको प्रतिवेदनका आधारमा लाभग्राही छनोट गरेर पुनर्निर्माण र सबलीकरणको काम थालनी गरिएको प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिनुभयो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्थानीय तहको समन्वयमा लाभग्राहीहरुसँग सम्झौता गरेर निजी निवास निर्माणको काम अघि बढाइएको बताइएको छ । लाभग्राहीले तीन किस्तामार्फत निर्माण वा मर्मतको रकम पाउने प्राप्त गर्ने छन् । सम्झौता गर्ने क्रममा मंगलसेन नगरपालिका प्रमुख पदमबहादुर बोहरा, प्रमुख जिल्ला अधिकारी लम्साल, प्रहरी नायब उपरीक्षक ईश्वरी प्रसाद भण्डारी, वडा अध्यक्षहरु र लाभगाहीको रहेका थिए । २०७९ कात्तिक तेस्रो साता गएको भूकम्पका कारण अछामका दश स्थानीय तहमा पाँच हजार ५४० घरपरिवारको आवास पुनर्निर्माण र सबलीकरण गरिने भएको हो । जस अनुसार मंगलसेन नगरपालिकामा ४५६, कमलबजारमा २८५, पञ्चदेवल विनायक नगरपालिकामा ७५, चौरपाटी गाउँपालिकामा ७६०, ढकारी गाउँपलिकामा ८९ घरपरिवार लाभान्वित हुने भएका छन् । यस्तै, साँफेबगर नगरपालिकामा दुईहजार ४२८, रामारोशन गाउँपालिकामा दुई सय, मेल्लेख गाउँपालिकामा ६०३, तुर्माखाँदमा १८ र बान्नीगढी जयगढ गाउँपालिकामा ६२६ निजी आवास पुनर्निर्माण र प्रबलीकरणमा रहेका छन् । "भूकम्पपीडितले हामीलाई सताई रहेका थिए, बल्ल सरकारले नै घर बनाइ दिने भएपछि हामीलाई पनि सहज भएको छ ।" मंगलसेन नगरपालिकाका प्रमुख पदमबहादुर बोहराको भनाइ छ । छनोट भएका लाभग्राहीलाई वडा तहमै सम्झौता गरेर काम गरिने नगरप्रमुख बोहराको भनाइ छ । स्थानीय तहको समन्यमा सम्बन्धित लाभग्राहीसँगको सम्झौता गरेर निजी आवासको पुनर्निर्माण वा मर्मतका काम गरिने प्रजिअ लम्सालको भनाइ छ ।

# मुगुमा सुत्केरी ब्यथाले च्यापेकी महिलाको हेलिकोप्टरबाट उद्धार

नमस्ते समचारदाता

मुगु, माघ/०३



सुत्केरी व्यथा लागेपछि सर्जरी गर्नुपर्ने अवस्थामा पुगेकी छायाँनाथ रारा नगरपालिका-१३ लुमा गाउँकी २५ वर्षीया ठुमा खड्कालाई हेलिकोप्टरमार्फत उद्धार गरिएको छ । बुधबार रातिदेखि व्यथाले च्यापेपछि बिहीबार बिहान १० बजे जिल्ला अस्पताल पुऱ्याइएकी खड्काको जिल्ला अस्पतालमा आवश्यक सुविधा नभएकाले सुर्खेतको प्रदेश अस्पतालमा रेफर गरिएको हो । जिल्ला अस्पताल मुगुका प्रमुख डाक्टर निर्मल नगरकोटीका अनुसार, बच्चा पाठेघरमा उल्टो अवस्थामा रहेको र दिसा खाएको हुन सक्ने देखिएपछि तुरुन्तै सर्जरी आवश्यक पर्ने भएको थियो । दुई वर्षअघि पनि सर्जरीबाट बच्चा जन्माएकी खड्काको यो दोस्रो आपतकालीन सर्जरी हो । हिमपात भइरहेका चुनौतीपूर्ण अवस्थामा हेलिकोप्टरमार्फत उद्धार गरी अस्पताल पुऱ्याउन सकिएकोमा खड्काका श्रीमान् राज बहादुर खड्काले आफूलाई ठूलो राहत मिलेको बताए ।

# रुखबाट लडेर महिलाको मृत्यु

नमस्ते समचारदाता

बाजुरा, माघ/०३



बाजुरामा रुखबाट लडेर महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा बुढीगङ्गा नगरपालिका -३ बसाली बस्ने हेमराज उपाध्यायकी श्रीमति अन्दाजी वर्ष ४३ की बसन्ती उपाध्याय हुनुहुन्छ । बिहान ८ बजे घर नजिकै भिमलको रुपमा घाँस काट्ने बेलामा सोही रुखबाट लडेर उपाध्यायको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । प्रहरी घटना स्थलमा पुगिसकेको छ । मृत्युको पोष्टम गर्न लागि मार्तडी ल्याउने या नल्याउने भन्ने बारे त्यसको खासै जानकारी भने नआएको जिल्ला प्रहरी कार्यालय बाजुराका सूचना अधिकारी जनक बहादुर बोहराले बताउनुभयो ।

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४६२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# स्थानीय सेवा ऐन संशोधनको माग

नमस्ते समचारदाता

सुर्खेत, माघ/०३



कर्णाली प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, ०८१ कार्यान्वयनका लागि पुष १९ गतेको मन्त्रिपरिषद् बैठकले नियमावली स्वीकृत समेत गरिसकेको छ। प्रदेश सरकारले आफ्नो प्रमुख उपलब्धी मान्दै आएको उक्त ऐन पूर्ण रुपमा कार्यान्वयनमै आइसकेको छैन। गत कात्तिकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन कार्यान्वयन गर्न स्थानीय तहहरूलाई निर्देशन दिएको थियो। एक पत्र लेख्दै कर्णालीका स्थानीय तहलाई भर्खर बनेको उक्त ऐन कार्यान्वयनमा लैजान निर्देशन दिएको थियो। आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार ऐन असोज २९ गते राजत्रमा प्रकाशित भइसकेको छ। यद्यपि ऐन पुर्ण रुपमा कार्यान्वयनमा नआउँदै संशोधनको माग उठेको छ। ऐनका कतिपय दफा, उपदफाले स्थानीय तहका कर्मचारीले विभेद गरेको भन्दै संशोधनको आवाज उठेको हो। कर्मचारीहरुका अनुसार ऐनमा कतिपय अव्यवहारीक व्यवधान खडा गरिएको छ। नेपाल निजामती कर्मचारी संगठन सुर्खेतका अध्यक्ष हेमन्त चुनाराका अनुसार ऐनले प्रमुख विषय कर्मचारीको स्तरबृद्धिमा नै विभेद गरेको छ। प्रदेश सरकारका कर्मचारीका लागि ३ वर्ष सेवा गरेको हुनुपर्नेमा १ वर्ष अघि नै ऐन बनाएर स्तरवृद्धि गरिएको छ तर स्थानीय तहमा ५ वर्ष मापदण्ड अनुसार भौगोलिक वर्ग (क) र (ख) मा अनिवार्य सेवा गरेको हुनुपर्ने कुरा राखियो। जुन सम्भव नै नहुने कुरा रहेको उहाँको भनाइ छ। क र ख भौगोलिक क्षेत्रमा २ सय ३३ दिन हाजिर भएको व्यक्ति मात्रै स्तर बृद्धि र बढुवाको सम्भाव्य उम्मेदवार हुने छ भन्ने प्रावधान ऐनमा छ। त्यसले १० वर्ष काम गरेपनि त्यो व्यक्ति बढुवा, स्तर बृद्धि हुने भएन। यसले अन्याय सिर्जना गरेको कर्मचारीहरुको भनाइ छ। 'वा' शब्द राख्नुपर्नेमा क र ख राखिएको छ। दफा २६ मा यो कुरा राखिएको छ। उहाँ भन्नुहुन्छ, '०६७ सालदेखिनै मुखिया भन्ने पद नै छैन। साविकको घरेलुको मात्रै मुखिया भन्ने पदलाई त्रितिय तहमा समायोजन भएको कुरा देखियो। त्यसले गर्दा सबै स्थानीय तहमा अन्योलता आयो। केही स्थानीय तथा निजामतीका कर्मचारी छुटेको उहाँको भनाइ छ। यस्तै ऐनले कर्मचारीको सेवा सुविधामा पनि विभेद गरेको छ। जसमा प्रदेश सरकारका कर्मचारीका लागि भत्ता भौगोलिक आधारमा ४ हजार, ६ हजार ८ हजार र १० हजार कायम गरेको तर स्थानीय तहका कर्मचारीका लागि भने यो सुविधा छैन। अन्य प्रदेशमा २०७६ सालमै नियुक्ती भएका कर्मचारीहरुलाई सुरुको नियुक्ति मितिदेखि सातौ तहमा कायम गर्ने व्यवस्था रहेकोमा कर्णाली सरकारले २०७७ फागुन ६ गते एउटा काल्पनिक मिति राखेर तह बढाउने विभेदकारी निर्णय गरेको छ। सो ऐनले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत एउटै पदका राष्ट्रसेवक कर्मचारीका लागि धेरै बिषयमा विभेद हुने गरी नीतिगत व्यवस्था गरेपछि कर्मचारी रुष्ट भएका छन्। कर्मचारीका विभिन्न संगठनहरुले यो विषयमा मुख्यमन्त्री यामलाल कँडेललाई भेटेरै ध्यानाकर्षण गराएका छन्। हटाउनुपर्ने कुराहरु उल्लेख नै गरी सुझाव समेत पेस गरिएको छ भने उक्त ऐन संशोधन गरी स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीको सेवा सुविधा पनि संघ र प्रदेश मातहतका कर्मचारी बराबर हुनुपर्ने माग छ। यदी कर्णाली सरकारले ऐन संसोधन गरेर माग सम्बोधन नगरे आन्दोलन गर्ने स्थानीय सेवा कर्मचारी सञ्जाल नेपाल कर्णाली प्रदेश समितिले चेतावनी दिएको छ। छलफलका क्रममा मुख्यमन्त्री यामलाल कँडेल सकरात्मक रहेको नेपाल निजामती कर्मचारी संगठन सुर्खेतका अध्यक्ष हेमन्त चुनाराले बताउनुभयो।

**सत्तारुढ दलले नै दियो संशोधनको दवाव**

सत्तारुढ दल नेपाली कांग्रेसले कर्मचारीहरुको मागलाई सम्बोधन गर्नुपर्ने बताएको छ। कांग्रेस संसदीय दलका नेता जीवन बहादुर शाहीले केही अव्यवहारीक व्यवस्था सम्बन्धमा सरकारले ध्यान दिनुपर्ने बताउनुभएको छ। शाहीलाई पनि प्रदेशमा क्रियाशील कर्मचारी ट्रेड युनियनको टोलीले ध्यानाकर्षण पत्र बुझाएको थियो। शाहीले भन्नुभयो, 'माग तथा अनुरोधमा मेरो ध्यानाकर्षण भएको छ, कर्मचारीका जायज मागप्रति कांग्रेस संसदीय दल संवेदनशील र सकरात्मक छ। स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली-२०८१, मा नमिलेका केही विषयवस्तुहरुलाई कर्मचारीको मर्म र भावनाबमोजिम संशोधन गरी उनीहरुको मागलाई सम्बोधन गर्नुपर्ने उहाँको धारणा छ। त्यसका लागि तत्कालै मुख्यमन्त्री र प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल एवम् कर्मचारी प्रशासनसँग छलफल एवम् समन्वय गर्ने पनि शाहीले बताउनुभयो। क्रियाशील कर्मचारी ट्रेड युनियनहरुले माघ ७ गतेबाट संसद खुल्ने भएकाले अहिलेकै अधिवेशनबाट संशोधन गरिनुपर्ने बताएका छन्। उसोत यो ऐनका थुप्रै त्रुटि रहेको भन्दै स्थानीय तहका कर्मचारीहरुले विधेयक समितिमै रहँदा प्रश्न उठाएका थिए। तर सुनुवाई नै नगरी पारित गरिएको थियो।

# बाँकेमा 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम

नमस्ते समचारदाता

बाँके, माघ/०३



बाँकेमा सशस्त्र प्रहरीले सञ्चालन गरेको 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रमले नेपाल-भारत नाका क्षेत्रमा बसोबास गर्ने जनतासँग प्रहरीको सम्बन्ध सुदृढ हुन थालेको छ। सीमावासी अहिले प्रहरीसँग घुलमिल भइरहेको नरैनापुर गाउँपालिकाका अध्यक्ष ईश्तियाक अहमद शाहले बताउनुभयो। उहाँले जिल्लाको दुर्गम मानिने नरैनापुर नाकामा सशस्त्र प्रहरीले जनतासँग सम्बन्ध बनाउन विभिन्न कार्यक्रम गरिरहेकोले प्रहरी हाम्रो साथी हो भन्ने भावना जनतामा बढ्दै गएको बताउनुभयो। सोही प्रकारले डुडुवा गाउँपालिकाको खडैंचा नाकामा पनि सशस्त्र प्रहरीले 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम अन्तर्गत विभिन्न गतिविधि गरिरहेकोले स्थानीयसँग प्रहरीको सम्बन्ध निकै राम्रो भइरहेको डुडुवाका अध्यक्ष नरेन्द्र चौधरीले बताउनुभयो। 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरीले अहिले जिल्लाका सीमा क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर र छलफल गर्दै आएको छ। सीमा क्षेत्रबाट आवागमन गर्नेकौ सुविधाका लागि शौचालय, खाने पानी र प्रतीक्षालय निर्माण गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण बागेश्वरीका प्रमुख प्रहरी उपरीक्षक बिमल डाँगीले बताउनुभयो। नरैनापुर १ सुईया बगौडा नाकामा निर्माण गरिएको शौचालय र खानेपानी ट्यांकी तथा डुडुवा गाउँपालिका १ खडैचा नाकामा निर्माण गरिएको प्रतीक्षालय र खानेपानी ट्यांकी बिहिबारबाट सञ्चालनमा ल्याइएको छ। बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले सीमानाको सुरक्षा र अपराधिक गतिविधि रोक्न जनतासँग प्रहरीको सम्बन्ध राम्रो हुनु आवश्यक भएको बताउनुभयो।

# चर्किएकै घरमा फर्किए भूकम्पपीडित



नमस्ते समचारदाता

बाजुरा, माघ/०३

बाजुरामा भूकम्पको डरले सुरक्षित स्थानमा त्रिपालमुनि बास बस्दै आएका भूकम्पपीडित फेरि चर्किएकै घरमा फर्किन बाध्य भएका छन्। यहाँ पटक पटक आएको भूकम्पले घर चिरा चिरा परे पनि सरकारले अन्य कतै राम्रो व्यवस्था गर्न नसक्दा भूकम्पपीडित फेरि चर्किएकै घरमा फर्कन थालेका हुन्। २०८१ पुस ६ गते जगनाथ गाउँपालिकाको गोत्रीमा ५.२ रेक्टल स्केलको भूकम्प गएको थियो। यसले यहाँका १४६ पूर्ण र ८६६ घर आंशिक रूपमा क्षति भएका थिए। भूकम्पले घर चर्किए पनि आफूलाई बास बस्नसमेत कतैबाट व्यवस्था नहुँदा फेरि त्यही चर्किएकै घरमा आएर बस्न बाध्य भएको जगनाथ गाउँपालिका-५, गोत्रीका अतिराम दमाईले बताउनुभयो। उहाँले भन्नुभयो, "केही दिन भूकम्पको डरले त्रिपाल लगाएर बाहिर बस्यौँ। अहिले त्यहाँ चिसो भएपछि फेरि त्यही चर्किएकै घरमा आएर बस्न थालेका छौँ।" विसं २०७८ देखि अहिलेसम्म भूकम्पले घर निकै चर्किंदै गएको छ। नयाँ घर लगाउन पैसा नहुँदा यसै घरमा बास बस्न बाध्य भएको दमाईले बताउनुभयो। हिमाली, स्वामीकार्तिक खापर, जगनाथ, बुढीनन्दा, गौमूल, बडीमालिका, बुढीगङ्गा त्रिवेणी र खप्तड छेडेदह गाउँपालिकामा माटो र ढुङ्गाले निर्माण गरिएका करिब ५० वर्ष पुराना घर छन्। अहिले भूकम्पले यी घरमै ठुलो क्षति गर्ने गरेको छ। यहाँ २०७९ सालमा आएको भूकम्पले एक हजार १६६ र २०८० सालमा आएको भूकम्पले एक हजार ८४४, २०८१ पुस ६ गते गएको भूकम्पले १४६ घर पूर्ण र ८६६ घर आंशिक रूपमा क्षति भएको प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँ भूकम्पबाट जोगिन प्रतिरोधात्मक घर निर्माण गर्नुपर्ने हो तर अहिले पनि पुरानै डिजाइनले निर्माण गरिएकाले स्थानीयलाई ती घरमा बास बस्न निकै जोखिम मोल्नु परेको छ।" यहाँका प्रत्येक स्थानीय तहमा घर निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्न लगाउने गरी स्थानीय तहलाई पत्राचार गरिएको छ। यहाँका भूकम्पपीडितसँग टहरा निर्माण गर्नसमेत पैसा नभएकाले यसका लागि अहिले गृह मन्त्रालयमा १५ करोड रुपियाँ माग गरेको प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले बताउनुभयो।

# हुम्लामा हिमपात

नमस्ते समचारदाता

हुम्ला, माघ/०३



हिमाली जिल्ला हुम्लामा बिहीबार बिहानबाट हिमपात भएको छ। बुधबार बेलुकाबाट हावाहुरी चलेको र रातभर मौसम बदली रहेको बेला हिमपात सुरु भएको हो। बिहानबाट जिल्लाभर हिमपात भएको सिमकोट गाउँपालिका-५ का लोकेन्द्र रावतले जानकारी दिनुभयो। बिहानभरि आकाशमा बादल लागेर हिमपात भएको उहाँले बताउनुभयो। सिमकोटमा परेको हिउँ जमिनमा जम्न सुरु भएको छ भने चिसो बढेको उहाँले बताउनुभयो। त्यसैगरि नाम्खा गाउँपालिकाका सबै वडामा पनि हिमपात सुरु भएको नाम्खा गाउँपालिका-६ को हिमालपारिको गाउँ लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले बताउनुभयो। लिमीमा एक इन्चभन्दा बढी हिउँ जमिसकेको छ। हिउँ पर्ने क्रम जारी रहेको बताउँदै उहाँले अग्ला स्थान न्यालु, नारा, लाप्चा क्षेत्रमा बाक्लो हिउँ परिरहेको बताउनुभयो। हिउँ परिरहेको कारण चिसो निक्कै बढेको छ। यो हिमपात पाँचौं पटक हो। यसवर्षको पहिलो हिमपात गत मङ्सिर ११ गते भएको थियो।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके